# बालबालिकाका लागि बाइबल

## को प्रस्तुती



# नोआ र जलप्रलय


लेखन Edward Hughes
चित्र Byron Unger; Lazarus
अनुवाद B.K. Shrestha
संयोजन M. Maillot; Tammy S.


story 3 of 60


www.M1914.org

***Bible for Children.*** *PO Box 3, Winnipeg, MB R3C 2G1 Canada*



अनुमतिपत्रः यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन ।


नेपाली

Nepalese



नोआ परमेश्वरको आराधना गर्ने मानिस थिए । अरू सबैले परमेश्वरलाई घृणा र अवज्ञा गर्दथे । एक दिन परमेश्वरले एउटा अचम्भको कुरा भन्नुभयो । "म यो दुष्ट संसारलाई नाश पार्नेछु," परमेश्वरले नोआलाई भन्नुभयो । "तेरो परिवारमात्र बचाइनेछ ।"

1



जलप्रलय आउनेछ र पृथ्वीलाई ढाक्नेछ भनी परमेश्वरले नोआलाई चेताउनी दिनुभयो । "तेरो परिवार र धेरै जनावरहरू अटाउने गरी काठको एउटा ठूलो जहाज बना," नोआलाई आदेश दिइयो । परमेश्वरले नोआलाई ठीकठीक निर्देशनहरू दिनुभयो । अनि नोआ त्यही काममा व्यस्त भए !

2


नोआले त्यो जहाज बनाउनुको कारण व्याख्या गर्दा मानिसहरूले खिसी गरे होलान् । तर नोआले बनाउन छोडेनन् । तिनले मानिसहरूलाई परमेश्वरको बारेमा पनि बताइरहे तर कसैले पनि सुनेन ।
3
नोआको विश्वास अति ठूलो थियो । पहिला कहिल्यै पानी नपरेको भए पनि तिनले परमेश्वरमाथि विश्वास गरे । छिट्टै नै जहाज सरसामान राख्नको निम्ति तयार भयो ।
4
अब जनावरहरू भित्र आए । परमेश्वरले कुनै जातिका सातवटा त कुनैका दुईवटा जनावर भित्र ल्याउनुभयो । ठूला र साना चराहरू, होचा र अग्ला जनावरहरू त्यो जहाजभित्र आए ।
5
नोआले जनावरहरूलाई जहाजभित्र राख्दा मानिसहरूले चर्को स्वरमा तिनको निन्दा गरे होलान् । तिनीहरूले परमेश्वरविरुद्ध पाप गर्न छोडेनन् । तिनीहरू जहाजभित्र आउन मानेनन् ।
6
अन्त्यमा सबै जनावरहरू र चराहरू जहाजभित्र आए ।
“जहाजभित्र आऊ,” परमेश्वरले नोआलाई बोलाउनुभयो । “तिमी र तिम्रा परिवार ।” नोआ, तिनकी श्रीमती, तिनका तीनजना छोराहरू र तिनीहरूका श्रीमतीहरू जहाजभित्र आए । त्यसपछि परमेश्वरले जहाजको ढोका थुनिदिनुभयो !
7
त्यसपछि पानी पर्‍यो । पृथ्वीमा चालीस दिन र चालीस रात मुसलधारे पानी वर्षियो ।
8


सहर र गाउँहरू
डुबे । पानी रोकिँदा
पहाडहरूसमेत डुबेका थिए । स्वास
फेर्ने हरेक जीव मर्‍यो ।
9


पानी बढ्दै जाँदा जहाज तैरियो ।
भित्र अँध्यारो थियो होला, जहाज
हल्लियो होला र डरलाग्दो अवस्था
आयो होला । तर त्यो जहाजले
नोआलाई जलप्रलयदेखि जोगायो ।
10


पाँच महिनासम्म बाढी आएपछि परमेश्वरले सुक्खा
बनाउने बतास पठाइदिनुभयो । बिस्तारै त्यो जहाज
आरारात पहाडमाथि अडियो । नोआ पानीको सतह
नघटेसम्म अझै चालीस दिन
जहाजभित्रै
बसे ।
11


नोआले एउटा काग र एउटा
ढुकुरलाई जहाजको झ्यालबाट
बाहिर पठाए । बस्नको लागि
सुक्खा सफा ठाउँ नपाएर ढुकुर
नोआकहाँ फर्केर आयो ।
12


एक हप्तापछि नोआले फेरि
ढुकुरलाई पठाए । चुच्चोमा
जैतुनको मुना लिएर ढुकुर
फर्किआयो । अर्को हप्ता ढुकुर फर्केर
आएन, त्यसैले पृथ्वी सुक्खा भएको
कुरा नोआले थाहा
पाए ।
13


अब जहाजबाट बाहिर निस्कने बेला भएको थियो भनी
परमेश्वरले नोआलाई भन्नुभयो । नोआ र तिनका
परिवारले मिलेर जनावरहरूलाई
बाहिर निकाले ।
14



नोआ कति धन्यवादी
भए होलान् ! तिनले
एउटा वेदी बनाए र
परमेश्वरको आराधना गरे
जसले भयानक जलप्रलयबाट
तिनी र तिनका परिवारलाई
बचाउनुभएको थियो ।

15



परमेश्वरले नोआसँग
एउटा आश्चर्यजनक
प्रतिज्ञा गर्नुभयो । उहाँले
मानिसको पापको न्याय
गर्न फेरि कहिल्यै जलप्रलय

पठाउनुहुनेथिएन ।
परमेश्वरले आफ्नो प्रतिज्ञा
स्मरण गराउने एउटा महान्
चिन्ह दिनुभयो । परमेश्वरको
प्रतिज्ञाको चिन्हचाहिँ
इन्द्रेणी थियो ।

16



जलप्रलयपछि नोआ र
तिनका परिवारले नयाँ
जीवन पाए । केही समयपछि तिनका
सन्तानले सारा पृथ्वी ढाकियो । संसारका
सबै जातिहरू नोआ र तिनका
सन्तानबाट आएका
हुन् ।

17

नोआ र जलप्रलय

परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

जुन

उत्पत्ति ६-१०
मा पाइन्छ

"तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ ।"
भजनसंग्रह ११९:१३०

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ । पापको सजाय मृत्यु हो ।

परमेश्वरले हामीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि हाम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो । त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्ग फर्किजानुभयो ! अब परमेश्वरले हाम्रा पापहरू क्षमा गर्न सक्नुहुन्छ ।

यदि तिमी आफ्ना पापहरूदेखि फर्किआउन चाहन्छौ भने परमेश्वरलाई यसो भनः प्यारो परमेश्वर, प्रभु येशू मेरो निम्ति मर्नुभयो र अहिले फेरि जीवित हुनुभएको छ भनी म विश्वास गर्दछु । कृपा गरी मेरो जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ । तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई सहायता गर्नुहोस् । आमेन । यूहन्ना ३:१६

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर !